THE
CARTER CENTER

**निर्वाचन आयोग, नेपालको**
**'फोटोसहितको मतदाता नामावली संकलन'**
**कार्यक्रम पर्यवेक्षणमा पाइएका तथ्यहरूको सारांश**

१९ अप्रिल २०११

**परिचय**

कम्प्युटर प्रणालीबाट एउटा नयाँ मतदाता नामावली तयार गर्नको लागि निर्वाचन आयोग, नेपालले राष्ट्रव्यापी रूपमा मतदाता नामावली संकलन प्रक्रिया संचालन गरिरहेको छ । आयोगको निमन्त्रणा प्राप्त गरेपछि र शान्ति तथा संवैधानिक प्रक्रियाका व्यापक प्रयत्नहरूलाई स्थानीय तहमा पर्यवेक्षणमा सघाउने एउटा अंग समेत भएकोले मतदाता नामावली दर्ता-प्रक्रियासम्वन्धी सूचनाहरू संकलन गर्न कार्टर सेन्टरका पर्यवेक्षकहरू सन् २०११ को फेब्रुअरी र मार्च महिनामा १३ वटा जिल्लामा खटिएका थिए । कार्टर सेन्टरको पर्यवेक्षणका उद्देस्यहरू निम्नानुसार रहेका छन् : निर्वाचन प्रक्रियालाई सघाउनु, मतदाता दर्ता-प्रक्रियालाई अपेक्षा अनुरुप निर्विघ्न रुपमा सम्पन्न गर्न निर्वाचन आयोगको आत्मविश्वास बढाइदिनु र नेपालको समग्र लोकतान्त्रिक प्रक्रियालाई सुदृढ तुल्याउन योगदान गर्नु ।

**कार्टरसेन्टरको कार्यविधि**

सन् २०११ को उत्तरार्द्धदेखि मार्च महिनासम्म अन्तर्राष्ट्रिय तथा दीर्घकालीन रूपमा काम गर्ने राष्ट्रिय पर्यवेक्षकहरू सम्मिलित कार्टर सेन्टरका टोलीहरू 'ब्रिजिङ' चरणमा मतदाताहरूको नाम संकलन प्रक्रिया चलाइएका ४३ मध्ये १३ वटा जिल्लामा सूचनाहरू संकलन गर्न खटिएका थिए । पर्यवेक्षकहरूले विशेष गरी तराईका ९ वटा जिल्लाहरू बाँके, बारा, दाङ, धनुषा, कन्चनपुर, कपिलवस्तु, मोरङ, पर्सा र रुपन्देही तथा ४ वटा पहाडी जिल्लाहरू डोटी, इलाम, काठमाण्डौं र काभ्रेपलान्चोकबाट सूचनाहरू संकलन गरेका थिए । कार्टर सेन्टरका दीर्घकालीन टोलीहरूले मतदाताको नाम दर्ताका लक्ष्यहरू, मतदाता सचेतनता र सहभागिता, मतदाता नाम दर्तासम्वन्धी व्यबस्थापन तथा यस प्रक्रियामा राजनीतिक दलहरूको सहभागिताका सम्वन्धमा सूचनाहरू संकलन गर्नुका साथै मतदाताहरूको नाम दर्ता गर्ने २५ वटा दर्तास्थलहरूको प्रत्यक्ष पर्यवेक्षण गरेका थिए । कार्टर सेन्टरले पर्यवेक्षणसम्वन्धी आफ्ना क्रियाकलापहरू प्रचलित नेपाली कानुन, निर्वाचन पर्यवेक्षणको निम्ति निर्वाचन आयोग, नेपालले तोकेको आचारसंहिता र अन्तर्राष्ट्रिय निर्वाचन पर्यवेक्षणका निम्ति घोषणा गरिएका सिद्धान्तहरूसंग मेल खाने गरी निर्वाचन पर्यवेक्षणको अन्तर्राष्ट्रिय स्तर अनुरुप संचालन गरेको थियो ।

**पाइएका प्रमुख तथ्यहरू**

समग्रमा भन्नुपर्दा विभिन्न चरणमा स्थलगत तथ्याङ्क संकलनसहित निर्वाचन आयोग, नेपालको मतदाता नामावली दर्ता प्रक्रिया अगाडि बढिरहेको छ । नगरपालिकाहरूको नामावली दर्ता गर्ने चरणमा ४३ वटा जिल्लाहरूमा रहेका ५८ वटा नगरपालिकामा बसोबास गर्ने योग्यता पुगेका मतदाताहरूको नाम दर्ता गर्ने काम सन् २०१० को डिसेम्वरदेखि २०११ को मार्च महिनासम्ममा पूरा भएको छ । त्यसै गरी 'ब्रिजिङ' चरणमा ४३ वटा जिल्लाका नगरपालिका आसपास बसोबास गर्ने मतदाताहरूको नाम दर्ता गर्ने काम पनि त्यही अवधिमा सम्पन्न भएको छ । साथै, मुलुकका बाँकी भागहरूमा राष्ट्रव्यापी रुपमा नामा दर्ता गर्ने चरण सन् २०११ को मार्चदेखि शुरु भएको छ र जून महिनाको अन्त्यसम्ममा काम पूरा गर्ने लक्ष्य राखिएको छ । यसै अवधिमा आफ्नो स्थायि ठेगानामा नामदर्ता गर्न छुटाएका

व्यक्तिहरूको निरन्तर नाम दर्ता गर्ने कामलाई पनि सबै जिल्लामा रहेका जिल्ला निर्वाचन आयोगहरूले अघि बढाइरहेका छन् ।

यस प्रकार, मतदाता नामावलीमा आफ्नो नाम दर्ता गर्न चाहने सबै नेपालीहरूलाई नाम दर्ता गर्ने अवसरको सुनिश्चितता प्रदान गर्ने निर्वाचन आयोगको सकारात्मक प्रयत्नलाई कार्टर सेन्टर सह्राहना गर्दछ । मतदाता नामावली दर्ता गर्ने क्रममा निर्वाचन आयोगले राजनीतिक, कानुनी र प्रशासनिक आदि धेरै चुनौतीहरू सामना गरेको छ, तर आयोगले लचकता र असल मनसाय प्रदर्शन गरेको हुनाले नामावली दर्ता गर्ने प्रक्रिया अघि बढेको छ । निर्वाचन आयोगका सबै अधिकारीहरूले गरेको कडा परिश्रम र समर्पणलाई  कार्टर सेन्टरले बुझेको छ र निम्न कुराहरूका लागि उनीहरूको सह्राहना गर्दछ :

- सन् २००८ मा सम्पन्न संविधान सभा निर्वाचनको मतदाता नामावलीको गुणस्तरबारे निर्वाचन पर्यवेक्षकहरू र अरूले उठाएका प्रश्नहरूलाई तदारुकताका साथ ध्यान दिएर अझ राम्रो मतदाता नामावली तयार गर्ने ठूलो प्रयास गरेकोमा ।
- सर्वोच्च अदालतले फेब्रुअरी २०११ मा मतदाताको नाम दर्ता गर्न नागरिकताको प्रमाणपत्र चाहिने आदेश दिएपछि त्यसको प्रतिक्रियास्वरुप योग्यता पुगेका नेपालीहरूलाई नागरिकताको प्रमाणपत्र दिनका निम्ति अनुरोध गरेर नेपाल सरकारलाई पत्र पठाएकोमा ।
- विरोधमा रहेका राजनीतिक दलहरूका गुनासाहरूलाई समेत मिलान गर्नका निम्ति उपायहरूको खोजी गर्न ती दलहरूसँग वार्तामा संलग्न भएकोमा र
- पुरानो बसोबासको आफ्नो घरमा नरहेका तर मतदाता नामावलीमा दर्ता हुन योग्य व्यक्तिहरूलाई अझ सजिलो पार्न बसाइँसराइको आवश्यक  प्रमाणसम्बन्धी आफ्नो नीतिलाई फराकिलो पारेकोमा ।

सकारात्मक प्रयासहरू समयमै सफल पार्न र मतदाता नामावलीमा नाम दर्ता गर्न चाहने सबै नेपालीहरूका निम्ति अझ ठूलो पहुँच र अवसर वृद्धि गर्नको लागि चाहिने थप कदमहरू चाल्न निर्वाचन आयोग, नेपाललाई कार्टर सेन्टर प्रोत्साहित गर्दछ ।

<u>मतदाताको नाम दर्ताको कुल लक्ष्य</u>

निर्वाचन आयोग, नेपालले नगरपालिकाहरूको चरणमा ७५ प्रतिशत नाम सन् २००८ को संविधान सभा निर्वाचनको मतदाता नामावली अनुरुप गर्ने लक्ष्य राखेको छ भने 'ब्रिजिङ' चरण र राष्ट्रव्यापी रुपमा नाम दर्ताको चरणका निम्ति त्यस नामावलीको ६० प्रतिशत नाम दर्ता गर्ने लक्ष्य राखेको छ । सन् २००८ को संविधान सभा निर्वाचनको नामावलीमा करीब १ करोड ७६ लाख मतदाता रहेका छन् । निर्वाचन आयोग, नेपालको अहिलेको नाम दर्ताको लक्ष्य करीब १ करोड १० लाख रहेको छ । यसले सन् २००८ को संविधान सभाको निर्वाचनको नामावलीसंग तुलना गर्दा नाम दर्ताको संख्यामा उल्लेखनीय कटौती हुने कुरा देखाउँछ । निर्वाचन आयोगका अनुसार, यी लक्ष्यहरू अघिल्लोपटकको वास्तविक मतदाता संख्या र तथ्याङ्कका स्रोतहरूको एउटा श्रृङ्खलामा आधारित छन् । तथापि सन् २००८ को नामावलीको शुद्धता र जनसंख्याको तथ्याङ्कका विभिन्न स्रोतहरूबीच रहेको उल्लेखनीय भिन्नतामाथि ध्यान दिँदा यी अपेक्षित मतदाता संख्याले नेपालको लागि ती वास्तवमै शुद्ध र यथार्थपरक लक्ष्यहरू हुन् भन्ने देखाउनका लागि निर्वाचन आयोगबाट बलियो पुस्ट्याइँको माग गर्दछन् । यदि नयाँ मतदाता नामावली सन् २००८ को नामावलीभन्दा बढी नै छोटो भएछ भने नेपाली जनता, नेपालका राजनीतिक दलहरू, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायले निर्वाचन आयोगलाई यो भिन्नता र असंगतिका सम्बन्धमा प्रश्न गर्न पनि सक्नेछन् ।

निर्वाचन आयोग, नेपालले लगत फारम भनिने एउटा फारम तयार गरेको छ । यो सकारात्मक छ, किनभने गणकहरूले यदि यसको राम्रो उपयोग गरे भने यसबाट नाम दर्ता नभएका व्यक्तिहरूको संख्याको सहि पहिचान हुनुका साथै ती व्यक्तिहरूले नाम दर्ता नगर्नुका कारणहरूबारे पनि जानकारी हुनेछ । तैपनि समयभित्रै काम सक्ने कुरा गम्भीर महत्वको विषय हो । कार्टर सेन्टर के कुरामा सरोकार राख्छ भने ढिलै भएपनि यस प्रक्रियामा लगतको तथ्याङ्क संकलन गरी त्यसको विश्लेषण गरिनेछ । त्यसपछि मुख्यत: राष्ट्रव्यापी चरणमा नाम दर्ता गरिने अवधिमा भएका त्रुटिहरूलाई तदारुकताका साथ सम्बोधन गर्न र नामावलीको आकारका बारेमा सरोकारवालाहरूले उठाएका

प्रश्नहरूको जवाफ दिन त्यसको उपयोग गरिनेछ । त्यसैले लगतको तथ्याङ्कलाई अन्तिम रूप दिनुअघि जनसंख्या र बसाइँसराईको ठीक ठीक लेखाजोखा गर्नु आवश्यक छ ।

नगरपालिका चरण

५८ वटा नगरपालिकाहरूबाट नाम दर्ता गरिएको तथ्याङ्कले के देखाउँछ भने निर्वाचन आयोग, नेपालले २३ मार्च २०११ सम्ममा १२ लाख ६१ हजार ५५७ मतदाताहरूको नाम दर्ता गरायो । तर यो संख्या आयोगले लक्षित गरेको संख्या १७ लाख २४ हजार ८१८ भन्दा झण्डै २५ प्रतिशत कम थियो । यसो हुनुको आंशिक कारणको रूपमा कुन तथ्यलाई पनि अघि सार्न सकिन्छ भने नेपालीहरू ठूलो संख्यामा विदेशमा काम गरिरहेका छन् । लक्ष्यअनुरुप नाम दर्ता हुन नसक्नुका अन्य कारणहरूमध्ये राजनीतिक दलहरूले पुऱ्याएको अवरोध पनि एक हो । ५८ वटा नगरपालिकामध्ये १२ वटा नगरपालिकामा थुप्रै मधेसवादी दलहरू, संघीय लिम्वुवान् राज्य परिषद्संग आवद्ध संघीय लोकतान्त्रिक राष्ट्रिय मंच आदिले पनि मतदाता नाम दर्ता प्रक्रियामा अवरोध पुऱ्याएका थिए । त्यस्तै, मतदाता हुने योग्यता प्रमाणित गर्ने कागजात नभएका अज्ञात संख्याका व्यक्तिहरूले पनि नाम दर्ताको कुल संख्यालाई असर पारेको थियो ।

'ब्रिजिङ' चरण

कार्टर सेन्टरका पर्यवेक्षकहरूले 'ब्रिजिङ' चरणमा मतदाता शिक्षाका प्रयत्नहरू सामान्यतः कमजोर रहेको पाएका थिए । त्यसको ठीक विपरीत मतदाता नाम संकलनका प्रयत्नहरू भने बलिया थिए, तर आफ्नो लक्ष्य प्राप्त गर्न संकलकहरूले बेला बेलामा संघर्ष गर्नु परेको थियो । संकलकहरूका अनुसार, नागरिकहरू गणनामा नपर्न, (घरमा नभएको कारण बाहेक) अत्यन्त सामान्य कारणहरू यस्ता थिए : नागरिकताको प्रमाणपत्रको अभाव विदेशमा काम गर्न गएकोले र जिल्लाबाहिर काम गर्न गएकोले । नाम दर्ता गर्ने ठाउँहरूमा मतदाताहरूको नाम दर्ता प्रक्रिया शान्तिपूर्ण सम्पन्न भएको पाइएको थियो र ती ठाउँहरूमा दर्ता प्रक्रिया मूलतः उल्लेखनीय घटनाविना नै सम्पन्न भएको थियो । केही प्राविधिक र प्रक्रियागत क्षेत्रहरू थिए, जसमा निर्वाचन आयोगले अझ राम्रो गर्न सक्दथ्यो । खास गरी नाम संकलन नगरिएका व्यक्तिहरूलाई उनीहरू गणनामा पर्न सक्छन्, उनीहरूको नाम दर्ता हुनसक्छ भन्ने कुरा सुनिश्चित गरेर दर्ता गरिने व्यक्तिको औंठा छाप लिई उनीहरूको सम्वन्धमा जानकारी लिनुअघि स्थलगत रुपमा नै व्यक्तिहरूसंग नाम दर्ताको निम्ति चाहिने विवरणको जाँचपडताल गरेर आइपरेका समस्याहरूको निदान गर्न सकिन्थ्यो । साथै, ब्रिजिङ चरणको अवधिमा कार्टर सेन्टरका पर्यवेक्षकहरूले भ्रमण गरेका १३ वटा जिल्लाहरूमध्ये ५ वटा जिल्लाहरू बाँके, बारा, इलाम, कपिलवस्तु र मोरङमा निर्वाचन आयोगले विवाद सुल्झाउने प्रयत्नहरू गर्दागर्दै पनि राजनीतिक दलहरूले पुऱ्याएको अवरोध र अवरोधका धम्कीहरूले नाम दर्ता प्रक्रियालाई नकारात्मक असर पारेका थिए ।

मतदाता हुने योग्यताका निम्ति चाहिने कुरा र नाम दर्तामा अवरोधहरू

मतदाता हुनका निम्ति चाहिने कुरामा खास गरी व्यक्तिले पेश गर्नुपर्ने नागरिकताको प्रमाणपत्र, यदि कुनै व्यक्ति एक ठाउँबाट सरेर अर्को ठाउँमा बस्न गएको छ भने उसले बसाइँसराईको आधिकारिक प्रमाण देखाउनुपर्ने प्रावधानले नगरपालिका चरण र 'ब्रिजिङ' चरणको अवधिमा मतदाता हुन योग्य थुप्रै नेपाली नागरिकहरूको निम्ति लगभग अवरोधको काम गरेको थियो । सन् २०११ को फेब्रुअरीको एउटा आदेशद्वारा सर्वोच्च अदालतले मतदाता नामावलीमा नाम दर्ता गर्न नागरिकताको प्रमाणपत्र आवश्यक पर्ने तुल्याइदियो । नागरिकताको प्रमाणपत्र नपाएका तर मतदाता हुन योग्य नेपालीहरूको संख्या कति छ भन्ने यकिन तथ्याङ्क छैन । तथापि नेपाल सरकारले विगतमा गरेको अध्ययनका साथसाथै निर्वाचन आयोग र IFES ले संयुक्त रुपमा गरेको आन्तरिक अध्ययनले यो समस्याको स्तरतिर केही संकेत प्रदान गर्दछ । त्यसका साथै, सन् २००८ मा 'नेपाल लेबोर फोर्स'ले गरेको एउटा सर्वेक्षणले के देखाएको छ भने ३३ प्रतिशत नेपालीहरू कित विदेशमा काम गर्न गएका छन् कि आफ्नो गृह जिल्लाबाट नयाँ ठाउँमा बसाइँ सरेका छन् । यसले एउटा ठूलो संख्याको मतदाता समूह बसाइँसराईको प्रमाण चाहिने प्रावधानले प्रभावित भएको हुनसक्छ भन्ने कुरा संकेत गरेको छ ।

निरन्तर दर्ता

नगरपालिका र गाविस दुवैतिर बसोबास गर्ने थोरै व्यक्तिहरूले निरन्तर दर्ता प्रक्रियाद्वारा आफ्नो नाम दर्ता गराएका छन् । काठमाण्डौं र पर्साको अपवादवाहेक निर्वाचन अधिकृतहरूले के प्रतिवेदन दिएका छन् भने सरदर ५ जना वा

त्यसभन्दा कम संख्याका मानिस नाम दर्ता गराउन प्रतिदिन जिल्ला निर्वाचन कार्यालयमा आउने गरेका छन् । निरन्तर दर्ता प्रक्रियाद्वारा यतिन्जेल जजसले नाम दर्ता गराएका छन् तिनीहरूको संख्याको न्युनतालाई हेर्दा निरन्तर दर्ता प्रक्रियावारे जनचेतना सीमित रहेको देखिन्छ ।

अतिरिक्त पर्यवेक्षण

कार्टर सेन्टरले के पाएको छ भने निर्वाचन आयोगका लागि तथ्याङ्क व्यबस्थापन र त्यसको सुरक्षा प्राथमिकतामा पर्नु पर्दछ, किनभने 'ब्रिजिङ' चरणको अवधिमा लिइएको तथ्याङ्क केही मामिलाहरूमा अनावश्यक रुपले हराउने, चोरिने वा बिग्रिने जोखिममा परेका थिए । पर्यवेक्षणबाट मतदाताको नाम दर्ता प्रक्रियामा राजनीतिक दलको संलग्नता कमजोर रहेको पनि सेन्टरले पायो । त्यस्तै, यस प्रक्रियामा संलग्न भएका केही दलहरूको भूमिका मुख्यतः रचनात्मक होइन, ध्वंसात्मक थियो ।

मतदाताको नाम दर्ताको समयसीमा

अन्त्यमा, कार्टर सेन्टरलाई सरोकार भएको कुरा के हो भने आगामी जून महिनाभित्र जिल्ला तहमा मतदाता दर्ताका प्रयत्नहरूलाई सम्पन्न गर्नका लागि, मतदाताको नाम दर्ता, गणना र स्थलगत रुपमा घरदैलोमै पुगेर नाम दर्ता गर्नको लागि तोकिएको समयलाई बढी खँदिलो बनाउनु पर्ने हुनसक्छ । धेरै जिल्लाहरूमा मतदाता दर्ता प्रक्रियामा भइरहेको वाधा अडचनमा आधारित रहेर आगामी दिनमा पनि त्यस्तै सम्भावनाको अनुमान गर्नु अनुचित हुनेछ । मतदाता हुने योग्यता दर्शाउने प्रमाण तत्कालको लागि नभएका उल्लेखनीय संख्याका व्यक्तिहरूको समस्या, प्रतिदिन मतदाता गणनाको लक्षित संख्या पूरा गर्न केही गणकहरूले अनुभव गरिरहेको कठिनाइ र जिल्लातहबाट खोजविन गरेर तथ्याङ्क लिइने प्रक्रियाको सुस्त गतिले मतदाता नाम दर्ताको समयसीमालाई प्रभावित गर्दछन् ।

**प्रमुख सुझावहरू**

मतदाताको नाम दर्ता प्रक्रियालाई बलियो पार्न निम्न सुझावहरू दिइएको छ, यी सुझावहरू आपसी सहयोग र सम्मानको भावनाबाट निःसृत छन् । साथै, यी सुझावहरूले भविष्यको कामका निम्ति छलफल गर्न उपयोगी बुँदाहरू प्रदान गर्नेछन् भन्ने आशा गरिएको छ ।

नेपाल सरकारले गर्नु पर्ने :

- सर्वोच्च अदालतले सन् २०११ फेब्रुअरीमा भनेअनुसार, योग्य नेपाली नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र दिने कामका प्रयत्नहरू बढाउनु पर्छ ।
- मतदाताको नाम दर्ता गर्ने जारी प्रक्रियामा निर्वाचन आयोगलाई सघाउन सबै किसिमका प्रयत्नहरू गर्नुपर्छ ।
- निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्त लगायत अन्य खाली पदहरू पूर्ति गर्नुपर्छ ।

निर्वाचन आयोग, नेपालले गर्नु पर्ने :

- निर्वाचन आयोगको नियन्त्रणबाहिरका कारणहरूले गर्दा गुम्न गएको समयको क्षतिपूर्ति गर्न मतदाताको नाम दर्ता गर्ने समयसिमा तीन महिना बढाउनु पर्छ ।
- राष्ट्रव्यापी नाम दर्ताको चरणको अवधिभित्र  मतदाताको नाम दर्ता गर्ने कुल संख्याको निर्धारित लक्ष्यलाई पूरा गर्न जनसंख्याको तथ्याङ्कको उपयोग गर्ने गरी अतिरिक्त अनुसन्धान गर्नुपर्छ ।
- राजनीतिक दलहरूको अवरोधले असर पारेका ठाउँहरूमध्ये सम्भव भएका ठाउँहरूमा मतदाताको नाम दर्ता गर्ने कामलाई फेरि संचालन गर्नुपर्छ । त्यसका साथै, मतदाताको नाम दर्ता गर्ने प्रक्रियालाई अवरोध पुर्‍याइरहेका राजनीतिक दलहरूसंग वार्ता गर्ने कामलाई निरन्तरता दिनुपर्छ ।
- योग्य नागरिकहरूलाई नागरिकताको प्रमाणपत्र वितरण गर्ने काममा प्रभावकारी बन्दोवस्त मिलाउन सरकारसंग अनुरोध गर्ने कामलाई निरन्तरता दिनुपर्छ ।
- मतदाताको योग्यता प्रमाणित गर्नका निम्ति भएका अवरोधहरूलाई कटौती गर्न बसाइँसराईको प्रमाण चाहिने प्रावधानलाई संशोधन गर्नु पर्ने कुरालाई ध्यान दिनुपर्छ ।

- मतदाताको संख्या गणना र मतदाताको नाम दर्ता हुनुअघि नै मतदाता शिक्षाका प्रयत्नहरूलाई राम्ररी संचालन गरिने कुरा सुनिश्चित गर्दै निरन्तर नाम दर्ताका निम्ति जनचेतना वृद्धि गर्न प्रयत्नहरू बढाउनु पर्छ ।
- तथ्याङ्कको दुर्वलता घटाएर त्यसको शुद्धता बढाउन तथ्याङक व्यवस्थापनका प्रक्रियाहरूको समीक्षा गर्नुपर्छ ।
- नाम दर्ता गर्ने मतदाताको औंठाछापसँग सम्वन्धित प्राविधिक समस्याहरूलाई सम्वोधन गरी मतदाताको नाम दर्ता गर्ने कर्मचारीले आफ्नो घर दैलोमा नाम दर्ता नगराएका व्यक्तिहरूलाई नाम दर्ता गर्न दिने विधि अवलम्वन गरेका छन् भन्ने कुरा सुनिश्चित गर्नुपर्छ । साथै, मतदाता गणनाको लक्ष्य यथार्थपरक हुने कुरा सुनिश्चित गरी दर्ता भएका नाम दाखिला गर्ने बेलामा हुनसक्ने त्रुटिहरू घटाउन थप कदमहरू चाल्नुपर्छ ।

राजनीतिक दल र नागरिक समाजले गर्नु पर्ने :

- मतदाताको नाम दर्ता गर्ने प्रक्रियालाई अवरोध पुऱ्याइरहेका राजनीतिक दल र अन्य समूहहरूले दर्ता प्रक्रियालाई अवरुद्ध पार्नुको साटो आफ्ना गुनासाहरू उठाउन उचित कानुनी उपायहरू अवलम्वन गर्नुपर्छ । र, उनीहरूले गर्ने विरोधका कार्यक्रमहरू शान्तिपूर्ण हुने कुरा सुनिश्चित गर्नुपर्छ ।
- नागरिक समाजले मतदाताहरूलाई नाम दर्ता गर्नका निम्ति प्रोत्साहित गर्ने र मतदाता शिक्षासम्बन्धी प्रयत्नहरूलाई सहयोग समेत पुऱ्याएर मतदाताको नाम दर्ता प्रक्रियामा बढी सक्रिय र सहयोगी भूमिका निर्वाह गर्नुपर्छ ।